## प्राक्कथन

विद्यालय शिक्षा हासिलको प्रारम्भ विन्दुमा रहेका बालबालिकाहरूलाई विविध स्थानीय परिवेश अनुकूल स्वःपहिचान तथा आत्मगौरवमा आधारित शिक्षा प्रदान गर्न आफ्नै मौलिक एवम् स्थानीय विषयवस्तुहरूको पठनपाठन गराउनु आवश्यक हुन्छ। यसरी स्थानीय आवश्यकतामा आधारित रहेर स्थानीय विषयवस्तुहरू समेटी तयार पारिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ।
नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत समावेश गरेको छ। विद्यालय शिक्षाको मौजुदा पाठ्यक्रम अनुसार आधारभूत तहका कक्षाहरूमा १०० पूर्णाङ्कको स्थानीय विषय पठनपाठन गर्नुपर्ने व्यवस्था रहेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरुपका आधारमा शैक्षिक सत्र २०७७ देखि क्रमशः लागू हुने गरी स्वीकृत भएको विद्यालय शिक्षाको पाठ्यक्रममा पनि आधारभूत तहका कक्षाहरूमा स्थानीय पाठ्यक्रमको व्यवस्था रहेको र सो को निर्माण एवम् कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। अमरगढी नगरपालिकाका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण नभएका कारण उक्त विषय शिक्षणमा विद्यालयपिच्छे विविधता पाइन्छ। यस सन्दर्भमा अमरगढी नगरपालिकाका स्थानीय विषयवस्तुहरूलाई समेटेर आधारभूत तहको कक्षा १ देखि ५ सम्म पठनपाठन गर्ने प्रयोजनका लागि स्थानीय पाठ्यक्रमका रुपमा "हाम्रो अमरगढी" तयार पारिएको हो।
यस पाठ्यक्रमको अभ्यासबाट बालबालिकाहरूलाई आफ्नो ठाउँ, आफ्नो समुदाय, आफ्नो संस्कृति एवम् सभ्यता, आफ्ना मौलिक पेशा एवम् कलाकृतिका बारेमा जानकारी हुनुका साथै अमरगढी नगरपालिकाका यस्ता मौलिक पक्षको जगेर्ना, संरक्षण संबर्द्धन र प्रचारप्रसारमा योगदान पुग्ने अपेक्षा गरिएको छ। स्थानीय विषयवस्तुहरू समेटिएकाले शिक्षण सिकाइको प्रक्रिया सरल, सहज, रोचक, यथार्थपरक र प्रभावकारी हुने नै छ।
"हाम्रो अमरगढी" मा सात वटा विषय क्षेत्र (थिम) हरुको संयोजन छ। यस पाठ्यक्रमबाट विद्यार्थीमा हासिल हुने तहगत सक्षमताहरू पाठ्यक्रमको सुरुवातमै उल्लेख गरिएको छ भने प्रत्येक विषयक्षेत्रका लागि कक्षागत सिकाइ उपलब्धी कायम गरिएको छ। तहगत सक्षमता र सिकाइ उपलब्धी हासिल गर्न पाठ्यक्रम कार्यान्वयनकर्ता शिक्षकको अहम् भूमिका रहने अपेक्षा गरिएको छ। शिक्षण सिकाइलाई सरलीकृत गर्न पाठ्यक्रममा सिकाइ उपलब्धीको विस्तृतीकरण अन्तर्गत विषयवस्तु, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप, सम्भावित शैक्षणिक सामग्री र सम्भावित मूल्याङ्कन प्रक्रिया समावेश गरिएको छ। शिक्षकले आफ्नो ज्ञान र अनुभवका आधारमा पाठ्यक्रममा उल्लेख भएका अलावा अन्य सिर्जनात्मक तौरतरिकाबाट समेत सिकाइ सहजीकरण गर्न सक्ने विकल्प खुला नै छ। विद्यालय शिक्षाको पाठ्यक्रमले व्यवस्था गरे अनुरुप यस स्थानीय पाठ्यक्रमको लागि पूर्णाङ्क/अङ्कभार र कार्यघण्टा तोकिएको छ।

अमरगढी नगरपालिकाले नगर उप-प्रमुखज्यूको संयोजकत्त्वमा गठन गरेको स्थानीय पाठ्यक्रम निर्माण समितिको संयोजनमा शिक्षाका क्षेत्रमा अनुभवी विशेषज्ञ, शिक्षक र स्थानीय व्यक्तिहरू समेतको सहभागितामा तीन दिने कार्यशाला आयोजना गरी पाठ्यक्रमको मस्यौदा निर्माण गरेको थियो। मस्यौदा उपर विभिन्न सरोकारवालाहरूको सुझाव समेत समेटी "हाम्रो अमरगढी" लाई अन्तिम रुप दिइएको छ। पाठ्यक्रम निर्माणमा संलग्न हुनुहुने सबैमा यो कार्यालय हार्दिक कृतज्ञता प्रकट गर्दछ। यो स्थानीय पाठ्यक्रम गतिशिल दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरिएको छ।

**वि.सं. २०७७, असार**

**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**

## विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | प्राक्कथन | घ |
| २. | परिचय | १ |
| ३. | तहगत सक्षमता | १ |
| ४. | कक्षा १-५ का सिकाइ उपलब्धी | २-५ |
| ५. | सिकाइ उपलब्धीको विस्तृतीकरण | ६ |
| | कक्षा १ | ६-९ |
| | कक्षा २ | १०-१५ |
| | कक्षा ३ | १६-२१ |
| | कक्षा ४ | २२-२७ |
| | कक्षा ५ | २८-३२ |
| ६. | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ३६ |
| ७. | विद्यार्थी मूल्याङ्कन | ३७ |
| ८. | विशिष्टीकरण तालिका | ३७ |
| ९. | वार्षिक कार्यघण्टा र अङ्क विभाजन तालिका | ३८ |
| १० | पाठ्यक्रम कार्यान्वयन योजना | ३८ |